आज मिति २०८० साल पौष २५ गते बुधबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २५ (पच्चीसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

**<u>उपस्थिति</u>**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. भद्र दल गण, भकुण्डेबेशीको सहकार्यमा संचालन गरिने विपद् व्यवस्थापन सम्बन्धी तालिमको लागि सहभागी छनोट गरी पठाउने सम्बन्धमा।

३. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।

४. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेशन) मा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।

३. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेशन) मा पेश गर्ने प्रस्तावहरु:

१. लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।

२. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा हाल सम्म भएको **"भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन"** प्रमुख प्रशासकीय अधिकृत श्री ईश्वरी प्रसाद शर्माज्यूबाट दोश्रो नगर सभाको चौथो अधिवेशनमा पेश गर्ने।

३. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशनको मिति २०८०/०३/१० गते बसेको पहिलो बैठकमा पेश भई मिति २०८०/०३/२७ गतेको दोश्रो नगर सभाको तेश्रो अधिवेशनको दोश्रो बैठकबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको **"विनियोजन ऐन,२०८० को अनुसूची माथिको संशोधन"** विद्यायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट मिति २०८०/०९/२६ गतेको दोश्रो नगर सभाको

चौथो अधिवेशन (हिउँदे अधिवेशन) मा **"विनियोजन ऐन,२०८० को अनुसूची माथिको संशोधन"** संलग्न अनुसूची बमोजिम स्वीकृतीका लागि पेश गर्ने।

४. नमोबुद्ध नगर क्षेत्र भित्र बसोबास गर्ने सम्पूर्ण बासिन्दाहरुको आधारभूत स्वास्थ्यको सुरक्षा गर्दै गुणस्तरीय एवंम् विशिष्टीकृत स्वास्थ्य सेवा समेत स्थानीय स्तरमा नै उपलब्ध गराउन स्प्रष्ट कानूनी आधार तयार गरी स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यवस्थापन गर्नु वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ अन्तर्गत अनुसूची ८ को क्रमसंख्या ९ मा उल्लेखित अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ को खण्ड (झ) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको **नमोबुद्ध नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन गर्नका लागि बनेको जनस्वास्थ्य सेवा विधयेक, २०८०** स्वीकृतको लागि सामाजिक विकास समितिका संयोजक श्री विर बहादुर लामाज्यूबाट पेश गर्ने।

५. नमोबुद्ध नगरपालिकाले स्कोलर नेपाल प्रा.लि., किर्तिपुर, काठमाडौंको प्राविधिक सहयोगमा आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजनाको मार्गचित्रलाई नगरपालिकाको समग्र विकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेजको रुपमा निर्माण गरिएको आर्थिक वर्ष २०८१/०८२ देखि आर्थिक वर्ष २०८५/०८६ को आवधिक नगर विकास योजना स्वीकृत गरी कार्यान्वयन गर्नका लागि पेश गर्ने।

६. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, नमोबुद्ध नगरपालिका, संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (यू.एन.ई.पी.) को आर्थिक तथा प्राविधिक सहयोग र ईकार्डस नेपालको सहजीकरणमा निर्माण भएको आर्थिक वर्ष २०८०/०८१ देखि आर्थिक वर्ष २०८४/०८५ को स्थानीय अनुकुलन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नका लागि पेश गर्ने।

७. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) मा चालु तथा पूँजीगत खर्च तर्फ विनियोजन गरिएको कुल प्रतिशतलाई आधार मानी आवश्यक शिर्षकमा रकम थप घट गर्ने, विभिन्न शिर्षकमा प्राप्त अन्य श्रोतका रकम परिचालन, रकमान्तर, चालु तथा पूँजीगत शिर्षकमा विनियोजन गरिएका योजनाहरुको संशोधन, एकमुष्ट विनियोजन भएका रकम परिचालन तथा नगरपालिकाबाट तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रम एकिन गरी श्रोत व्यवस्थापन सहित कार्यान्वयनमा लैजान साथै अन्य उचित श्रोतहरुको व्यवस्थापन गर्ने अधिकार नगर प्रमुखलाई दिनका लागि दोश्रो नगर सभाको चौथो अधिवेशनमा पेश गर्ने।

८. दोश्रो नगर सभाको तेश्रो अधिवेशन पश्चात नगर कार्यपालिकाको मिति २०८० असार २७ गते देखि २०८० पौष २६ गते सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु, अनुगमन समितिको प्रतिवेदन, नगरप्रमुखस्तरीय निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको चौथो अधिवेशनमा पेश गर्ने।

९. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेशन) सम्पन्न गर्ने क्रममा विभिन्न चरणमा सहयोग पुर्याउनु हुने यस नगरका निर्वाचित सबै जनप्रतिनिधिहरु, नगर सभा सदस्यहरु, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, संचारकर्मी लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।